नेपाल सरकार

भूमि सुधार तथा व्यवस्था मन्त्रालय

**नापी विभाग**

# कित्तानापी महाशाखा

मिनभवन, काठमाडौँ

## सिलबन्दी दरभाउपत्रआह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०६६ कात्तिक २८ गते)

यस महाशाखाको कित्तानापी कार्यक्रमअन्तर्गत स्वीकृत स्पेसिफिकेसनअनुसारका ल्यापटप कम्प्युटर, डेस्कटप कम्प्युटर/युपिएस तथा फोटोकपि मेसिन खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक फर्म/कम्पनीहरूबाट देहायका सर्तबमोजिम रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**तपसिल**

१. दरभाउपत्रको लागि फर्म दर्ता तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित रु. ३००।- (फिर्ता नहुने) बुझाई यस महाशाखाबाट खरिद गर्न सकिने छ । सो दरभाउपत्रमा दररेट भरी सहीछाप गरी सिलबन्दी गरेको र खाम बाहिर ***कम्प्युटर/युपिएस तथा फोटोकपि मेसिन खरिदको दरभाउपत्र*** भनी उल्लेख भएको हुनुपर्नेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र दरभाउपत्र खरिद गरी सक्नुपर्नेछ ।

३. दरभाउपत्रमा सामानको दररेट अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १.०० बजेभित्र दरभाउपत्र यस महाशाखामा दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र यस महाशाखामा दर्ता हुन आएका दरभाउपत्रहरू सोही दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस महाशाखामा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन ।

५. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट उक्त कार्य गरिने छ ।

६. जमानत वापत दरभाउपत्रसाथ कबोल अङ्कको २.५% बराबरको रकमको कम्तिमा ७५ दिन म्याद भएको बिडबन्ड वा नेपाल राष्ट्र बैङ्क, थापाथली स्थित यस महाशाखाको धरौटी हि.नं. स.अ. १३१७०७ मा जम्मा गरेको भौचर पेशगर्नुपर्ने छ र दरभाउपत्र स्वीकृत भइसकेपछि स्वीकृत दरभाउपत्रदाताले कबोल अङ्कको ५% बराबरको कम्तिमा ९० दिन म्याद भएको परफरमेन्स बन्ड वा नपुग धरौटी रकम थप जम्मा गर्नुपर्नेछ ।

७. रीत नपुगेको वा म्याद नाघी आएको दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।

८. दरभाउपत्रस्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस महाशाखामा सुरक्षित रहनेछ ।

९. दरभाउपत्रसम्बन्धी कुनै कुरा बुझ्नुपरेमा कार्यालय खुलेको समयमा यस महाशाखामा बुझ्न सकिनेछ ।